NABIL INVEST

(A Subsidiary of Nabil Bank Ltd.)

Nabil Investment Banking Limited
3rd Floor, Central Plaza, Narayanchaur
Naxal, Kathmandu, Nepal
Tel : +977-1-5970475
+977-1-4511604
+977-1-4511733
E-mail : info@nabilinvest.com.np
Web : www.nabilinvest.com.np

*Ref. No.: MF-2081/82-69*

मितिः २०८१/०५/२५

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलीसडक, काठमाण्डौं ।

**विषय : <u>नबिल ब्यालेन्स्ड फण्ड २ को आ.व. २०८०/८१ को प्रतिफल तथा इकाईधनी दर्ता किताब बन्द (Book Close) गर्ने सम्बन्धमा ।</u>**

**महोदय,**

उपरोक्त सम्बन्धमा, नबिल बैंक लिमिटेड कोष प्रवर्द्धक तथा नबिल इन्भेष्टमेन्ट बैंकिंङ्ग लिमिटेड योजना व्यवस्थापक एवं डिपोजिटरी रहि नबिल म्युचुअल फण्ड अर्न्तगत सञ्चालनमा रहेको नबिल ब्यालेन्स्ड फण्ड २ (NBF2) नामक सामुहिक लगानी योजनाको इकाईधनीहरुलाई आ.व. २०८०/८१ को लागि, योजना व्यवस्थापकको सञ्चालक समितिको २०८१ साल भाद्र २५ गते दिउँसो ३:१५ बजे बसेको बैठकले उक्त योजनाको २०८१ असार मसान्तको सञ्चित मुनाफाबाट योजनाको आकार रु. १,१२,००,००,०००/- (अक्षेरुपी एक अर्ब बाह्र करोड रुपैंया) को **<u>८ (आठ) प्रतिशत (कर सहित</u>)** को दरले हुन आउने रकम रु. ८,९६,००,०००/- (अक्षेरुपी आठ करोड छयान्नब्बे लाख रुपैंया) बराबर नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछु ।

साथै उक्त बैठकले उपर्युक्त प्रतिफल वितरण प्रयोजनार्थ मिति २०८१/०६/११ गते एक दिनको लागि योजनाको ईकाइधनी दर्ता पुस्तिका बन्द (Book Close) गर्ने निर्णय गरेको तथा इकाईधनी दर्ता पुस्तिका बन्द रहने सम्बन्धमा सम्बन्धित सबैको जानकारीको लागि मिति २०८१/०५/२६ को कारोबार दैनिकमा सूचना प्रकाशन गरिने व्यहोरा समेत तहाँको जानकारीको लीग अनुरोध छ ।

भवदीय,

NABIL INVEST NAXAL KATHMANDU

सुदिप लिवी
कम्पनी सचिव

**बोधार्थः**
१. कोष सुपरिवेक्षकहरु, नबिल ब्यालेन्स्ड फण्ड २
२. कोष प्रवर्द्धक, नबिल बैंक लिमिटेड

**<u>संलग्नः</u>** योजनाको इकाईधनी दर्ता पुस्तिका बन्द गरिने सम्बन्धमा प्रकाशन गरिने सूचनाको नमूना

# नबिल ब्यालेन्स्ड फण्ड २ (NBF2) योजनाको प्रतिफल वितरण तथा इकाईधनी दर्ता किताब बन्द हुने बारे सूचना

नबिल बैंक लिमिटेड कोष प्रवर्द्धक र नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड योजना व्यवस्थापक रहि नबिल म्युचुअल फण्ड अन्तर्गत सञ्चालनमा रहेको **नबिल ब्यालेन्स्ड फण्ड २ (NBF2)** नामक सामुहिक लगानी योजनाको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणको कार्य सम्पन्न भई योजना व्यवस्थापकको मिति २०८१/०५/२५ गते दिउँसो ३:१५ बजे बसेको सञ्चालक समितिको ११३ औं बैठकले आर्थिक वर्ष २०८०/८१ को लागि कर सहित ८ (आठ) प्रतिशत नगद प्रतिफल वितरण गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौ । उक्त प्रतिफल वितरण प्रयोजनार्थ मिति २०८१/०६/११ गते एक दिनको लागि योजनाको ईकाइधनी दर्ता पुस्तिका बन्द **(Book Close)** हुने व्यहोरा सबैको जानकारीको लागि सूचित गरिन्छ ।

तोकिएको दर्ता किताब बन्द हुने मितिभन्दा अघिल्लो दिनसम्म नेप्सेको प्रणालीमा कारोवार भई प्रचलित कानून बमोजिम तोकिएको समयावधि भित्र रीतपूर्वक नामसारी भई आएका इकाईधनीहरु मात्र माथि उल्लेखित प्रतिफल प्राप्त गर्नको लागि योग्य हुने हुँदा सम्बन्धित सबै इकाईधनीहरु तथा खरीदकर्ताहरुले सोही अनुसार इकाई नामसारी गर्न/गराउनु हुन अनुरोध गर्दछौं ।

साथै, प्रतिफल रकम योग्य इकाईधनीहरुको बैंक खातामा रकमान्तर गरि भुक्तानी गरिने हुँदा सम्बन्धित सबैलाई आफ्नो निक्षेप सदस्यकोमा सम्पर्क गरि आफ्नो हितग्राही खातामा बैंक विवरण **(Bank Details)** अद्यावधिक गराउनु हुन समेत अनुरोध गर्दछौं ।

*पुनश्च :* योजनाको इकाई धितोमा राख्नु भएका योग्य इकाईधनी महानुभावहरुले प्रतिफल प्राप्त गर्न अनिवार्य रुपमा सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र पेश गर्नु पर्नेछ । उक्त स्वीकृति पत्र सम्बन्धित बैंक/वित्तीय संस्था मार्फत इमेल ठेगाना **rta@nabilinvest.com.np** मा पठाउन सकिनेछ ।


**कोष प्रवर्द्धक:**

NABIL BANK

**नबिल बैंक लिमिटेड**

प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौं

फोनः ४२२७१८१

Email: info@nabilbank.com, Url: www.nabilbank.com

**योजना व्यवस्थापक एवं डिपोजिटरी:**

NABIL INVESTMENT BANKING LTD.

(A Subsidiary of Nabil Bank Ltd.)

**नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाण्डौं

फोनः ४५११६०४/४५११७३३, फ्याक्सः ४५१०५५४

Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np


NABIL INVEST NAXAL KATHMANDU